# उच्च अदालत पाटन, हेटौंडा इजलास

हेटौंडा, मकवानपुर

(प्रशासन शाखा)

☎ : ०५७-५२७१६५/०५७-५२३२३१
Email: info.hcihetauda@supremecourt.gov.np
admin.hcihetauda@supremecourt.gov.np


मितिः- २०७६।१२।२८

## सूचना !   सूचना !!   सूचना !!!

सम्मानित सर्वोच्च अदालतको मिति २०७६।१२।२८ को पूर्ण बैठकको निर्णय अनुसार यस अदालतबाट सम्पादन हुने कार्यका सम्बन्धमा देहाय बमोजिम हुने वेहोरा सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारीका लागि अनुरोध छ ।

१. बन्दाबन्दी (Lockdown) को अवधिमा बन्दीप्रत्यक्षीकरणको निवेदन तथा गम्भीर प्रकृतिका कोभिड- १९ संग सम्वन्धित विषयका रिट निवेदनको दर्ता र सुनुवाई, पक्राउ अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५५ अनुसारको रकम तिरी कैदबाट छोडिपाउँ भन्ने निवेदन र बालसुधार गृहमा रहेका बालबालिकालाई अभिभावक वा संरक्षकको जिम्मा लगाई पाउँ भन्ने निवेदन दर्ता र सो उपरको कारवाही पूर्व निर्णयानुसार नियमितरुपमा सम्पादन हुने ।

२. अदालतहरुमा हुने भीडभाड र महामारीबाट फैलिन सक्ने संक्रमणको जोखिमलाई दृष्टिगत गरी मिति २०७६।१२।१२ को आकस्मिक पूर्ण बैठकको निर्णयबमोजिम अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश र म्याद थपको कार्य यसबीचको अवधिमा स्थगन तथा सो सम्वन्धी सेवा प्रवाह बन्द गरिएकोमा बन्दाबन्दीको अवधि लम्बिदै गएको र अनुसन्धान तहकिकातको क्रममा हिरासतमा रहेका व्यक्तिहरुको सुरक्षित जीवनको हक तथा वैयक्तिक स्वतन्त्रताप्रति विशेष रुपमा संवेदनशीलता अपनाउन अनुमति दिने (म्याद थप गर्ने), अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने, थुनछेक आदेश गर्ने सम्बन्धी कार्य आजदेखि नै नियमितरुपमा गर्ने ।

३. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनको कारवाही र सुनुवाई, बन्दाबन्दीको अवधिमा भएका लिखत दरपीठ आदेशउपरको निवेदन दर्ता र सुनुवाई सम्बन्धी कार्य आगामी आइतबार अर्थात, चैत्र ३० गते बाट नियमितरुपमा हुने।

४. बन्दाबन्दीको अवस्था समाप्त भएपश्चात अदालतको कामकारवाही व्यवस्थापन गर्न लाग्ने समयसमेतलाई मध्यनजर गरी बन्दाबन्दी (Lockdown) अवधि समाप्त भएको मितिले तीनदिन पछि मुद्दाको नियमित सुनुवाई लगायतका अन्य काम कारवाहीहरु नियमितरुपमा हुने ।

२०७६।१२।२८।०६

(विकास श्रेष्ठ)

रजिस्ट्रार

रजिस्ट्रार